प्रतिदिन १७औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

**शुभ तिहार**

शुभ दिपावली, नेपाल सम्वत् तथा छठ पर्वको अवसरमा हाम्रा पाठक वर्ग , विज्ञापनदाता , शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं। तिहारमा कार्यालय बन्द रहने भएकाले यस प्रतिदिन दैनिकको आगामी अंक कात्तिक ८ गते प्रकाशित हुने जानकारी गराउँदछौं।

– सम्पादक

वर्ष-१७ ।। अङ्क : २३८ ॥ २०८२ कातिक ०३ गते सोमबार (20th Oct 2025 Monday) **Pratidin** National Daily मूल्य-रु.५/-

### जेनजीको डरले फेसबुकमा राजीनामा लेख्ने
# झापाका ८ जना एमाले कार्यकर्ताको पद चैट

झापा(प्रस) । जेनजी आन्दोलनका बेलामा सामाजिक संजालमा राजीनामा लेख्ने झापाका ८ जना एमालेका जिल्ला स्तरीय कार्यकर्तालाई पार्टीले निलम्बन गरेको छ ।
नेकपा एमाले र तत्कालीन प्रधानमन्त्री केपी ओलीलाई लक्षित गरेर जेनजी आन्दोलन गरिएपछि जोगिन धेरैले एमालेबाट राजीनामा दिएको घोषणा गरेका थिए । तीमध्ये ८ जना जिल्ला स्तरीय कार्यकर्ता पहिलो चरणको निलम्बनको कार्वाहीमा परेका हुन् ।
त्यस किसिमको कार्वाहीमा पर्नेमा बाह्रदशी गाउँपालिकाका अध्यक्ष तथा पार्टीका जिल्ला सदस्य देवेन्द्र चम्लागाई, शिवसताक्षी नगरपालिका वडा नं ५ का वडा अध्यक्ष तथा जिल्ला सचिवालय सदस्य सिकिन पासवान पनि छन् ।
त्यसबाहेक दमक घर भएका जिल्ला सचिवालय सदस्य महेश घिमिरे , शिवसताक्षी ठेगाना भएका जिल्ला सदस्य अग्निबहादुर कार्की , बिर्तामोड ठेगाना भएका जिल्ला सदस्य विदुर तिवारी , बाह्रदशी ठेगाना भएका जिल्ला लेखा कमिटी सदस्य घनेन्द्र ढकाल , गौरादह ठेगाना भएका जिल्ला विभाग सदस्य विनोद अधिकारी र दमक ठेगाना भएका जिल्ला विभाग सदस्य सन्तोष दुलाल रहेका छन् ।

भदौ २३ र २४ गते भएको आन्दोलनका बखत जिल्ला कमिटीको जिम्मेवारीमा रहेका ती कार्यकर्ताहरुले पार्टीको जिम्मेवारीलाई बिर्सिएर आन्दोलनलाई मलजल हुने गरी सामाजिक सञ्जालमार्फत पार्टी र पार्टी नेतृत्वको विरुद्धमा अभिव्यक्ति दिएकाले जिम्मेवारीबाट निलम्बन गर्ने निर्णय गरिएको एमाले जिल्ला कमिटी झापाले जनाएको छ । जिल्ला कमिटीसंगै उपल्लो र मातहतका अन्य कमिटीमा रहेका कार्यकर्ताहरुमाथि पनि कार्वाही शुरु गरिएको छ ।
आन्दोलनको क्रममा मातहतका कमिटीका विभिन्न जिम्मेवारीबाट बाहिर हुने गरी सामाजिक सञ्जालमार्फत अभिव्यक्ति दिने कार्यकर्ताहरुलाई छानबिन गरी निर्णय लिन सम्बन्धित कमिटीहरुलाई जिल्ला कमिटीले निर्देशन दिएको छ । त्यस्तै माथिल्लो कमिटीका जिम्मेवारीमा रहेका नेता कार्यकर्ताको हकमा सम्बन्धित कमिटीलाई जिल्ला कमिटीको तर्फबाट अनुशासनको कार्वाही गर्न सिफारिस गर्ने निर्णय गरिएको छ ।
यसैबीच लागूऔषधको कारोवारमा संलग्न भएर कार्वाहीमा परेका जिल्ला कमिटी सदस्य राजेन्द्र पन्धाकलाई जिम्मेवारीबाट निलम्बन गर्ने निर्णय गरिएको छ ।
आफूलाई निलम्बन गरिएको सामाजिक संजालबाट थाहा पाएपनि अहिलेसम्म पार्टी कार्यालयबाट पत्र नआएको बाह्रदशी गाउँपालिकाका अध्यक्ष चम्लागाईले बताए ।
जेनजीको आन्दोलनका बेला धेरैले राजीनामा दिएको घोषणा गरेका थिए । बाह्रदशी गाउँपालिकाका अध्यक्ष चम्लागाईले एमाले बाह्रदशी गाउँ कमिटीलाई संबोधन गरी आफू एमालेको साधारण सदस्यसमेत नरहने गरी सबै जिम्मेवारीबाट अलग भएको घोषणा गरेका थिए ।

त्यस्तै कमल गाउँपालिकाकी उपाध्यक्ष प्रमिला न्यौपाने तिवारीले एमालेको कुनै पनि पद र पालिकाको उपाध्यक्ष पदबाट समेत राजीनामा दिने निर्णय गरेकी थिइन् । त्यस्तै कनकाई ३ का वडाध्यक्ष युवराज चम्लागाईले एमाले पार्टी र वडाध्यक्ष पदबाट राजीनामा दिएको घोषणा गरेका थिए ।
एमालेका सदस्य तथा कनकाई माध्यमिक विद्यालयका व्यवस्थापन समिति अध्यक्ष चन्द्रप्रसाद प्रसाईले दुबै पदबाट राजीनामा दिएको घोषणा गरेका थिए । त्यस्तै एमाले जिल्ला कमिटी सदस्य किशोर भट्टराईले २०६४मंसिर ४ गते लिएको सङ्गठित सदस्यता फिर्ता गर्दै कुनै पनि पार्टीको सदस्यता नलिने घोषणा गरेका थिए । त्यस्तै बाह्रदशी वडा नं ३ का वडा सदस्य हेमलाल दाहालले एमाले पार्टी परित्याग गरेका थिए भने मेचीनगर १ मा एमालेबाट निर्वाचित वडा सदस्य शान्ताकुमार न्यौपानेले पनि अब कुनै पनि पदमा नरहने घोषणा गरेका थिए । त्यस्तै कन्काई ७ का पत्रकार रामप्रसाद निरौलाले एमालेसहित यसको जनवर्गीय संगठन प्रेस चौतारी नेपालको साधारण सदस्यसमेत नरहने बताएका थिए ।
त्यस्तै अनेरास्ववियुका बलराम गिरीले पनि पार्टी र संगठनमा नरहने घोषणा गरेका थिए भने बिर्तामोडका युवराज निरौला , टहलदास ओली , लक्ष्मीप्रसाद घिमिरे , गंगादेवी ओली , डिल्लीमाया आचार्यलगायतले पनि एमाले परित्याग गरेको जनाएका थिए ।
जेनजीको आन्दोलनपछि नेपाली कांग्रेसका कार्यकर्ताहरुले पनि राजीनामा दिएको घोषणा गरेका थिए । नेपाली काँग्रेसका झापा गाउँपालिका सभापति सागिरथप्रसाद गणेशले सामाजिक संजालमार्फत राजीनामा दिएको घोषणा गरेका थिए ।
त्यसैगरी नेपाली काँग्रेसका जिल्ला सदस्य ठोमनाथ नेपाल र झापा गाउँपालिका वडा नं १ का सभापति रुपलाल गणेशले पनि राजीनामा दिएका थिए । त्यस्तै नेकपा एमाले वडा नं १ का अध्यक्ष घनश्याम गणेशले पनि राजीनामा दिएको घोषणा गरेका थिए । त्यसबेला राजीनामा दिएकाहरु नैतिकताविहीन भएर अहिले छोडेको जिम्मेवारीमा फर्किएका छन् ।

# दाजुभाइ दिदीबहिनीहरुको पुनर्मिलनको अवसर तिहार

• लक्ष्मी उप्रेती

दशैंपछिको दोस्रो महान चाड तिहार नेपालीको घरआँगनमा आइसकेको छ । हिन्दूहरुको महान चाड वडादशैं पछिको अर्को ठूलो चाड तिहार शनिबारबाट घर-घरमा भित्रिसकेको छ । उज्यालोको पर्वका रूपमा चिनिने नेपालीहरूको दोस्रो ठूलो चाड तिहारलाई यमपञ्चक पनि भनिन्छ ।

पाँच दिनसम्म मनाइने र यमराज जोडिएका हुँदा यो पर्वलाई यमपञ्चक भनिएको शास्त्रमा उल्लेख छ । पाँच दिनसम्म मनाइने यमपञ्चकमा यमराजले आफ्नी बहिनी यमुनाका घरमा आतिथ्य ग्रहण गरेको हुनाले पनि यी पाँच दिनलाई यमपञ्चक भनिएको हो भन्ने विश्वास छ । यमपञ्चकमा क्रमशः काग, कुकुर, गाई, लक्ष्मी, गोवर्धन पर्वत र भाइ पूजा गरिन्छ । पिङ खेल्ने, दीपावली गर्ने र देउसीभैलो खेल्दै सेलरोटी आदि मिष्ठान्न खाई रमाइलो गरी मनाउने चाडका रुपमा तिहारलाई हेर्ने गरिन्छ ।

तिहारको अवधिमा यमराजले आफ्नी बहिनी यमुनाकहाँ पाँच दिनसम्म बसेर भाइटीका लगाएको मान्यता छ । तिहार दाजुभाइ दिदीबहिनीहरुको पुनर्मिलनको अवसर पनि हो । यो चाडले मानव तथा पशुबीचको प्रगाढ सम्बन्धको चित्र प्रस्तुत गरेको छ भने अर्कोतिर दाजुभाइ तथा दिदीबहिनीबीचको आत्मीय र पवित्र स्नेह एवम् सम्बन्धलाई पनि प्रष्ट पारेको टीका लगाइमाग्ने दाजुभाइ पश्चिम र लगाइदिने दिदीबहिनी पूर्व फर्कनुपर्ने र साइतमा टीका लगाउन नभ्याउनेहरूका लागि दिनभरि टीका लगाउन सकिने समितिले जनाएको छ । तिहारमा मानव जीवनसँग गाँसिएका कुकुर, काग, गाई, गोरु आदिको पूजा गरिन्छ भने गोवर्धन पर्वतको पूजा पनि गरिने भएकाले पनि तिहार प्रकृतिसँग नजिक हुने पर्व भएको पण्डित टिकाप्रसाद खनाल बताउँछन् ।

तिहारको दोस्रो दिन समाचार र सूचनाबाहक कागको पूजा गरिन्छ । कागलाई मीठा मीठा खानेकुरा दिइन्छ । यो पर्व कार्तिक कृष्ण त्रयोदशीका दिन पर्दछ । कागको पूजा गरी काग तिहार मनाउने गरिएकालाई यस दिनलाई काग तिहार पनि भनिन्छ । यसको पूजा गर्नुका थुप्रै कारण छन् । कागलाई यमराजको सन्देश सुनाउने यमदूतका रूपमा पनि लिइन्छ । काग यमराजको अत्यन्त प्रियभक्त भएकाले पनि यस दिन कागको पूजा गरी काग तिहार मनाउने गरिएको धार्मिक विश्वास रहेको ज्योतिषी पण्डित एकराज वशिष्ठ बताउँछन् ।

कार्तिक कृष्ण चतुर्दशीका दिन कुकुर तिहार मनाइन्छ । कुकुर तिहार यमपञ्चकको दोस्रो दिन हो । यो दिनलाई नरक चतुर्दशी पनि भनिन्छ । कुकुरलाई यमदूतका रूपमा पनि लिइन्छ । कुकुर यमराजको अर्को प्रियभक्त हो । कुकुरलाई आज्ञापालक एवम् रक्षक जनावरको रुपमा लिइन्छ । विभिन्न अपराध



छ । यो चाड शनिबारबाट हाम्रो गाउँघर र शहर बजारमा भित्रिसकेको छ । हाम्रो मौलिक चाड तिहारको पाँच दिन घरको ढोकामा तेल हाल्ने र साँझ दियो बत्ती बालेर झिलीमिली बनाउने गरिन्छ । त्यसकारण पनि तिहार भित्रिएलगत्तै गाउँघरमात्र होइन, शहर बजारहरु झिलीमिली बत्तीले सजिएका छन् । अर्थात तिहार लागेसँगै राजधानी काठमाडौंलगायत प्रमुख शहरहरू झिलीमिली बत्तीले सजिन शुरु भएका छन् ।

हरेक वर्ष कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीयासम्म मनाइने यो पर्व यमराज र उनका दूतहरूको पूजा गरेर मनाइन्छ । तिहारको पहिलो दिन भगवान् धन्वन्तरीको जन्म भएको हुनाले यस दिनलाई धन्वन्तरी जयन्ती पनि भनिन्छ ।

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका अनुसार शनिबार धनतेरस र यमदीपदान, आइतबार काग तिहार र धनवन्तरी जयन्ती,( सूर्योदयकालमा त्रयोदशी तिथि परेकाले काग तिहार आइतबार मनाइनेछ) सोमबार कुकुर तिहार र लक्ष्मीपूजा, (बिहान कुकुर तिहार र रातमा औँसी तिथि परेकाले साँझमा लक्ष्मीपूजा एकै दिन परेको हो ।) मङ्गलबार तिहारको कुनै पर्व परेको छैन । बुधबार गाईपूजा, गोवर्द्धन पूजा, म्ह पूजा (आत्मपूजा) तथा नेपाल संवत् ११४६ को नयाँ वर्ष प्रारम्भ, बिहीबार भाइटीका (किजापूजा) र भाइटीकाको साइत बिहान ११:३९ बजे रहेको छ ।

गर्ने अपराधीहरू पत्ता लगाउने काममा तथा अध्ययन अनुसन्धान गर्ने कार्यमा पनि हिजोआज कुकुरको प्रयोग गरिन्छ । कुकुरले घरको रेखदेख तथा मानिसलाई सहयोग गर्दै आएको छ । त्यसैले कुकुर तिहारमा कुकुरलाई पूजा गरी मनाउने गरिएको छ ।

तिहारमा गाईको पूजा गरिन्छ । गाई नेपालको राष्ट्रिय जनावर हो । यति मात्र होइन, गाईलाई देवीका रुपमा पनि पुज्ने गरिन्छ । गाईलाई लक्ष्मीको प्रतीक मानिन्छ । गाईपूजा र लक्ष्मीपूजा एकैदिन मनाइन्छ । यसदिन साँझमा घर-घरमा दीपावली गरिन्छ भने बेलुका भैलो खेल्ने चलन छ ।

गाईको गहुँत र गोबर पनि हिन्दू धर्ममा पवित्र छ । यसर्थ पनि कुनै पनि धार्मिक वा सामाजिक संस्कार गर्नुअघि गाईको गोबरले घरआँगन लिपपोत गर्ने, गाईको गहुँत सबैतिर छर्केर आफ्ना घर, कोठाचोटा पवित्र तुल्याउने हिन्दूहरूको संस्कार छ । गाईलाई पशुधनका रूपमा लिइन्छ । हिन्दूहरू गाईलाई लक्ष्मी र गौमाताका रूपमा पनि मान्छन् । माता लक्ष्मीको विशेषरूपमा पूजाआजा तिहारको तेस्रो दिनको विशेषता हो ।

गोरु तिहार, हल तिहार वा गोवर्धन पूजाको रुपमा तिहारको चौथो दिन मनाइन्छ । पौराणिक कथन अनुसार गोवर्धन गोकुल शहरनजिकै

❖ बाँकी पृष्ठ ३ मा

# इप्रका दमकबाट लुटिएका हतियार जहीतही भेटिदै

झापा(प्रस) । जेनजी आन्दोलनका क्रममा भदौ २४ गते इलाका प्रहरी कार्यालय दमकबाट लुटिएका हतियार जहीतही भेटिन थालेको छ ।

खेतवारी , दाउराको चाङ, बाटोलगायतका ठाउँमा लुटिएका हतियार र फेला परेको छ । इलाका प्रहरी कार्यालय दमकबाट टोली खटिएर ती गोली लिएर आएको छ ।

दुई दिनअघि एक थान गोली भेटिएको थियो । शुक्रवार बिहान १०:३० बजे दमक नगरपालिका वडा नं.



गोली भेटिएको हो । शनिवार दिउँसो दमक नगरपालिका ३ बस्ने ४५ वर्षीया माला डाँगीले दाउरा पन्छाउने क्रममा उनको दाउराको चाङमा एसएलआर राइफलको ७.६२ एमएमको तीन राउण्ड गोली ८ लक्ष्मी मार्ग बस्ने ३८ वर्षीय कृष्णप्रसाद पाठकले बाटोमा बेवारिसे अवस्थामा एसएमजीको ९एमएमको १ राउण्ड गोली फेला पारेका थिए ।
त्यस्तै असोज २६ गते बिहान ७:३० बजे दमक -५ धनेश्वर मन्दिरको पूर्वपट्टीको गेटनजिक इप्रका दमकबाट लुटिएको एकथान ३०३ राईफल म्यागजिनसहित फेला परेको थियो ।

त्यसको दुई दिनअघि असोज २४ गते साँझ जेनजी आन्दोलनका क्रममा लुटिएका एसएलआरको ५५ राउण्ड गोली कमलमा फेला परेको थियो ।

कमल गाउँपालिका वडा नं.-७ रंगपुर बस्ने ५५ वर्षीय गंगाप्रसाद पाण्डेले केराको पात काट्ने क्रममा आफ्नो खेतबारीमा सेतो बोरामा गोली फेला पारेका थिए । उनले बोरा खोली हेर्दा गोली भेटिएको थियो । जेनजी आन्दोलनका क्रममा झापामा प्रहरीबाट लुटिएका २४ थान हतियार , ५६९० वटा गोली र १८० सेल अश्रुग्यास गायव भएको थियो । त्यसमध्ये एउटा हतियार र ५९ राउण्ड गोली भेटिएको हो ।

### बच्चा जन्माएर फाल्ने क्रम बढ्यो
# एक वर्षमा चारजना शिशु बेवारिसे भेटिए

झापा(प्रस) । झापाको बुद्धशान्तिमा बेवारिसे नवजात शिशु भेटिएको छ । शनिवार राति अन्दाजी ९ बजे बुद्धशान्ति गाउँपालिका वडा न.७ सुनमाईस्थित सीमा आचार्यको घरको अगाडीको वरन्डामा अन्दाजी ४-५ दिनको जस्तो देखिने शिशु (छोरी) बेवारिसे अबस्थामा भेटिएको हो । सोही घरमा भाडा लिई बस्ने ताप्लेजुङ श्रीजगा ७ बस्ने ओमप्रकाश तुमीहाङ लिम्बूले देखेर इलाका प्रहरी कार्यालय बुधबारेमा जानकारी गराएका थिए । ती शिशुलाई कसले छोडेको हो भनेर थाहा हुन सकेको छैन । इप्रका बुधबारेको टोली खटिएर स्थानीय, भद्रभलादमी तथा जनप्रतिनिधिको समन्वयमा ती शिशुलाई प्रादेशिक अस्पताल भद्रपुर पठाइएको छ । शिशुको अबस्था समान्य रहेको छ । त्यसवारे थप अनुसन्धान तथा बुझ्ने कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। योसंगै करिव एक वर्षको अवधिमा झापामा चारजना जीवित नवजात शिशु बेवारिसे अबस्थामा फेला परेका छन् । यसअघि गत वर्षको मंसिर २३ गते बुद्धशान्ति गाउँपालिका वडा नं. ४ धर्ममार्गस्थित किरण मगरको खाली घरमा रहेको कुखुराको खोरमाथि नवजात शिशु फेला परेका थिए । दुई दिनको जस्तो देखिने जीवित नवजात शिशु (छोरी) तन्ना, सुरुवाल,भेलभेटको तौलीमा पोको पारी छोडेर गएको अबस्थामा सोही ठाउँ बस्ने ३५ वर्षीया मिना लिम्बूले घाँस काट्न जाँदा फेला पारेकी थिइन् ।



त्यस्तै गत वर्षको कात्तिक २९ गते मेचीनगरको निन्दा खोलानजिकै घारीमा सालनालसहितको नवजात शिशु फेला परेका थिए । मेचीनगर ११ सृजना टोल बस्ने ३७ वर्षीया इन्दिरा प्रसाई (अधिकारी) ले मर्निङ वाक गर्ने क्रममा ती नवजात शिशुलाई फेला पारेकी थिइन् ।

त्यस्तै गत वर्षको भदौ १२ गते साँझ भद्रपुर नगरपालिका वडा नं. ७ को चन्द्रगढी हुँदै फूलबारी टोल जाने बाटो छेउको झाडीमा एक नवजात शिशु बेवारिसे भेटिएका थिए । ती बेवारिसे भेटिएका तीनजना शिशुलाई पालनपोषणका लागि विभिन्न व्यक्तिहरुलाई जिम्मा लगाइएको थियो । त्यसमध्ये एकजना शिशुको मृत्यु भएको छ ।

उता सुनसरीमा पनि एकजना नवजात शिशु बेवारिसे अवस्थामा फेला परेका छन् । शनिवार राति ९ बजे सुनसरी कोशी गाउँपालिका- ८ शर्मा टोलका बिजयकुमार खत्वेको ऐलानी जग्गाको कम्पाउण्ड वाल छेउमा नवजात शिशु फेला परेका हुन् । बच्चा रोएको जस्तो आवाज सुनेर हेर्न जाँदा नवजात शिशु (छोरा) प्लास्टिकको झोलामा पोको पारी फालेको अबस्थामा भेटिएको प्रहरीले जनाएको छ ।

# तिहारमा विद्युतको कमी हुँदैन: प्राधिकरण




झापा(प्रस) । नेपाल विद्युत् प्राधिकरणले यस वर्षको तिहारमा लोडसेडिङ नहुने र ढुक्कसँग जति पनि बत्ती बालेर चाड मनाउन सकिने बताएको छ । उज्यालोको पर्व तिहारमा बिजुली आपूर्तिको कुनै समस्या नहुनेमा विश्वस्त रहन प्राधिकरणले आम उपभोक्तालाई आग्रह गरेको हो ।

प्राधिकरणका अनुसार तिहारको समयमा उद्योगधन्दाहरू बन्द हुने भएकाले औद्योगिक क्षेत्रमा खपत हुने ठुलो मात्रामा बिजुली बचत हुन्छ । जसलाई घरायसी प्रयोजनका लागि सहजै उपलब्ध हुन्छ ।

प्राधिकरणका प्रवक्ता राजन ढकालका अनुसार तिहारमा विद्युत् आपूर्तिमा समस्या हुँदैन । उनले भने- 'पहिले तिहारको लक्ष्मी पूजामा सबैभन्दा बढी लोड हुन्छ भन्ने बुझाइ थियो, तर उद्योगहरू बन्द हुँदा समग्र प्रणालीमा लोड घट्छ । अहिले विद्युत् खेर जाने अवस्था छ, त्यसैले जति पनि प्रयोग गर्न सक्नुहुन्छ ।'

उनले प्राविधिक समस्याबाहेक अन्य कारणले बत्ती नजानेमा ढुक्क हुन आग्रह गरे । तिहारमा उद्योगहरू बन्द हुँदा दैनिक करिब २०० देखि ३०० मेगावाट विद्युत् बचत हुनेछ । उक्त बिजुली सिधै घरायसी उपभोक्तालाई उपलब्ध गराइनेछ, जसले गर्दा बत्तीको माग बढे पनि आपूर्तिमा कुनै कमी हुनेछैन ।प्राधिकरणले विद्युत् आपूर्तिमा कुनै पनि किसिमको प्राविधिक गडबडी आउन नदिन कर्मचारीहरूलाई उच्च सतर्कता अपनाउन निर्देशन दिएको छ । कुनै स्थानमा फल्ट भएमा तत्काल समाधान गर्न विशेष टोलीहरू तयारी अवस्थामा राखिनेछ ।

विगतका वर्षहरूमा तिहारको समयमा, विशेषगरी लक्ष्मी पूजाको दिन, विद्युतको माग बढेर अधिकतम १६ सय मेगावाटसम्म पुग्ने गरेको थियो । यस वर्ष पनि सोही हाराहारीमा माग रहने प्राधिकरणको अनुमान छ । सामान्यतया तिहारमा साँझ ६ बजेदेखि ९ बजेसम्मको समयमा विद्युत् खपत ३० देखि ४० प्रतिशतसम्म बढ्ने गर्छ ।

प्राधिकरणले विद्युत् प्रणालीलाई विश्वसनीय बनाउन नयाँ प्रसारण लाइन विस्तार, सबस्टेसनको स्तरोन्नती र पूर्वाधार थप्ने कामलाई निरन्तरता दिएकोले पनि यस वर्ष आपूर्ति थप भरपर्दो हुने विश्वास दिलाइएको छ ।

# जाँचबुझ आयोगमा अहिलेसम्म दर्जन उजुरी

झापा(प्रस) । २३ र २४ भदौका घटना जाँचबुझका लागि पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा ५ असोजमा गठित आयोगमा एक दर्जन उजुरी दर्ता भएका छन् ।
आयोगका अनुसार निजी क्षेत्रका दुई कम्पनीले क्षतिको विवरणसहित उजुरी दर्ता गराएका छन् ।

बाँकी व्यक्तिगत रूपमा दर्ता भएका उजुरी छन् । त्यस्तै आयोगमा क्षतिको विवरण आउनेक्रम जारी छ । जेन-जी आन्दोलनका क्रममा ७६ जनाको मृत्यु भएको घटनामा अधिकांश उजुरी पीडित प्रहरी र सर्वसाधारणका तर्फबाट दर्ता भएका छन् ।

दुई उजुरी घाइतेका परिवारले दर्ता गराएका छन् । पीडित परिवारले दर्ता गराएको उजुरीमा २३ भदौमा राज्यको दमनका कारण धेरैले ज्यान गुमाएको उल्लेख गरेका छन् । जसमा भ्रष्टाचारको विरोधमा उत्रेका कलिला बालबालिकामाथि राज्यले बर्बरतापूर्वक दमन गरेको उजुरी छ ।

'२३ भदौको जेन-जीहरूको आन्दोलन विशुद्ध सरकारले बन्द गरेको सामाजिक सञ्जाल अनि देशमा व्याप्त भ्रष्टाचारविरुद्ध थियो । हामीले आफ्ना सन्तानलाई उनीहरूको भविष्यका लागि सडकमा पठाएका थियौं,' उजुरीमा भनिएको छ, 'तर निर्दयी सरकारका तर्फबाट एकाएक ताकेर गोली प्रहार भयो । अन्धाधुन्ध बल प्रयोग गरेर ज्यान लिने काम भयो । यसरी बल प्रयोग गर्ने, गोली प्रहार गर्न आदेश दिने र राज्य संयन्त्रमा रहेका सबैमाथि अनुसन्धान गरेर कारबाही हुनुपर्छ ।'

उजुरीमा 'फिल्ड'मा गोली प्रहार गर्ने प्रहरी, गोली प्रहार गर्न आदेश दिने प्रहरी अधिकृतहरू, काठमाडौंका तत्कालीन प्रमुख जिल्ला अधिकारी छविलाल रिजाल, प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङसहित घटनामा संलग्न सुरक्षाकर्मीमाथि तह र संलग्नताअनुसार कारबाही गर्न माग गरिएको छ । त्यस्तै, तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखक तथा गृह सचिवसहित अन्यमाथि पनि कारबाही हुनुपर्ने उजुरीमा माग गरिएको छ ।



पीडितका तर्फबाट दाबी गरिएको उजुरीमा २३ भदौको आन्दोलनमा घुसपैठ भएको भनी सार्वजनिक रूपमा आएकाले त्यसको पनि छानबिन गर्न माग गरिएको छ । त्यस्तै २४ भदौको तोडफोडमा संलग्न तथा आगजनी गर्नेमा जेन-जीको संलग्नताभन्दा बाहिरका व्यक्ति भएको विषयमा पनि अनुसन्धान हुनुपर्ने उजुरीमा भनिएको छ ।
'राज्यको सम्पत्ति तोडफोड गर्ने छुट कसैलाई दिनु हुँदैन । अपराध गर्नेहरूलाई फौजदारी संहिताअनुसार कारबाही गर्ने अधिकार राज्यलाई भएकाले सोहीअनुसार गर्नुपर्छ,' उजुरीमा भनिएको छ, 'तर पहिलो र दोस्रो दिन विरोध गरेकै कारण गोली प्रहार गर्नु हत्या हो । लोकतन्त्रमा विरोध गर्न पाउने हक संविधानले दिएको छ ।'
त्यस दिन कार्य क्षेत्रमा खटिएका प्रहरीका तर्फबाट पनि उजुरी दर्ता भएका छन् । प्रहरी कार्यालयहरू जलाउने र हतियार लुटपाट भएको विषयमा आफूहरूलाई जानकारी भएको उनीहरूले उल्लेख गरेका छन् । उनीहरूले खासगरी २४ भदौमा कसरी लुटपाट तथा घुसपैठ भयो भन्ने विस्तृत विवरण बुझाएका छन् । उजुरी गर्ने प्रहरीहरूको नाम गोप्य राखिएको छ । पाँच पृष्ठ लामो उजुरीमा जथाभावी गोली प्रहार गर्नेहरूको समेत पहिचान गरी अपराधमा संलग्नलाई तत्काल निलम्बन गरी कारबाही गर्न माग गरिएको छ ।
यस्तै, रास्वपाका कार्यवाहक सभापति डीपी अर्याल, रवि लामिछानेकी पत्नी निकिता पौडेल लामिछाने, रास्वपाका उपसभापति स्वर्णिम वाग्ले, प्रहरीका एआईजी दानबहादुर कार्की, काठमाडौंका तत्कालीन सीडीओ छविलाल रिजाल, तत्कालीन गृह सचिव गोकर्णमणि दुवाडी र मुख्यसचिव एकनारायण अर्यालबीच कुराकानी भएको दाबीसहित 'कल डिटेल्स रेकर्ड' गर्न उजुरीमा माग गरिएको छ ।

आयोग आफैंले पनि विवरण उपलब्ध गराउन ताकेता थालेको छ । आयोगले क्षतिको विवरण छिटो उपलब्ध गराइदिन आग्रह गरिरहेको कार्कीले बताए ।
आयोगले प्रदर्शनका क्रममा धेरै क्षति भएका जिल्लाहरूको भ्रमण पनि थालेको छ । छानबिन गरी प्रतिवेदन बुझाउन आयोगसँग करिब तीन महिना मात्र समय भएकाले धेरै क्षति भएका स्थानहरूको भ्रमण नमुनाका रूपमा गरिने आयोगले जनाएको छ । आयोगका प्रवक्ता विज्ञानराज शर्मा स्थलगत अवलोकनका लागि झापा, मोरङ र सुनसरी पुगेका छन् । उनी फर्केलगत्तै अन्य जिल्लाको पनि भ्रमण गर्ने तयारी आयोगको छ ।

आयोगले धेरै क्षति भएका सर्वोच्च, जिल्ला अदालत, महान्यायाधिवक्ता कार्यालयसहित सरकारी वकिलको कार्यालयहरू, संसद् भवन, दलका पार्टी कार्यालय र सार्वजनिक सञ्चारमाध्यममा पनि अनुगमन तथा क्षतिको अवस्था हेर्न जाने कार्यसूचीमा छ । आयोगले माग गरेको विवरण गृह मन्त्रालयलगायतबाट प्राप्त भएको छैन भने प्रदेश र मन्त्रालयहरूले प्रारम्भिक विवरणमात्र पठाएका छन् । केही स्थानीय तहले भने क्षतिको विवरण उपलब्ध गराएका छन् । आयोगले निजी क्षेत्रलाई पनि विवरण पठाउन ताकेता गरेको र राजनीतिक दलहरूलाई पनि उपलब्ध गराउन भनेको छ ।

# वडा कार्यालयले बाँड्यो छठ मनाउने महिलाहरुलाई सारी

भद्रपुर(प्रस) । भद्रपुर ६ नम्बर वडा कार्यालयले करिब दुई सय जना महिलाहरूलाई सारी वितरण गरेको छ ।

वडा कार्यालयले आइतबार तिहार तथा छठ पर्वको शुभकामना आदानप्रदान गर्दै आउँदै गरेको छठ पर्व लक्षित गरी महिलाहरूलाई सारी वितरण गरेको हो ।



वडा अध्यक्ष रतिया राजवंशीको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि नगर प्रमुख गणेश पोखरेलले जेनजी आन्दोलनका क्रममा नगरपालिका तथा वडा कार्यालयहरूमा आगजनी गरिएको यस्तो विषम परिस्थितिमा पनि वडा कार्यालयले दाताहरूको सहयोगमा महिलाहरूलाई सारी वितरण गरी आफ्नो काम र कर्तव्यबाट पछि नहटेकोमा प्रशंसा गरेका छन् ।

सारी वितरण कार्यक्रमलाई दाताहरू होण्डा मोटरसाइकल सोरुम बिर्तामोडका प्रोप्राइटर किरण कपुरी, आदिवासी राजवंशी भाषिक सांस्कृतिक विकास प्रतिष्ठानका अध्यक्ष सुमनसिंह राजवंशी, राजवंशी समाज विकास समिति झापा अध्यक्ष उत्तमकुमार राजवंशी, चन्द्रबहादुर विष्ट, गोपाल अग्रवाल, अजय साहेवाला, अभिषेककुमार नेपाली, नवीन चापागाईं लगायतले सहयोग गरेको वडा सदस्य प्रकाश शर्माले जानकारी दिए । वडा कार्यालयले केही वर्षदेखि छठ पूजा गर्ने महिलालाई सारी वितरण गर्दै आइरहेको छ ।

# शितल मार्केटबाट १६ ग्राम ब्राउनसुगरसहित एक पक्राउ

बिर्तामोड(प्रस) । झापा बिर्तामोडको शितल मार्केटबाट ब्राउनसुगरसहित एकजना पक्राउ परेका छन् ।
शनिवार राति ८.१५ बजे इलाका प्रहरी कार्यालय बिर्तामोडबाट खटिएको प्रहरी सहायक हवल्दार पुलिसराम मुडियारीको टोलीले बिर्तामोड वडा न.५शितल मार्केटबाट पाँचथर



हिलिहाङ वडा न.६बस्ने बर्ष ३० का अशोक भन्ने डम्बरबहादुर मैनालीलाई शंका लागेर चेकजाँच गर्दा उनको साथबाट ब्राउनसुगर जस्तो देखिने दुईवटा पोका भेटिएको थियो ।
त्यस पोकामा प्लास्टिकसहित २२ग्राम ८५०मिलिग्राम र प्लास्टिकबाहेक १६ग्राम४५० मिलिग्राम ब्राउनसुगर फेला परेको छ । लागूऔषधसहित नियन्त्रणमा लिई उनलाई इप्रका बिर्तामोडमा राखिएको छ ।

# मोहन वैद्यले दिए राजीनामा, महासचिवमा सीपी गजुरेल

झापा(प्रस) ।क्रान्तिकारी कम्युनिस्ट पार्टीका महासचिव मोहन वैद्य 'किरण'ले पदबाट राजीनामा दिएका छन् । शनिबार राति अबेर सकिएको केन्द्रीय समितिको तेस्रो पूर्ण बैठकले किरणले दिएको राजीनामा स्वीकृत गरेको नेता हुकुम सिंहले जानकारी दिए । स्वास्थ्यका कारण देखाउँदै महासचिव वैद्यले राजीनामा दिएको उनको भनाइ छ । नयाँ महासचिवमा वरिष्ठ नेता चन्द्रप्रकाश (सीपी) गजुरेललाई नियुक्त गरिएको छ ।
'किरणले शारिरक रूपमा काम गर्न नसक्ने भर्चुअल मार्फत् जानकारी गराउनुभयो । महासचिवमा वरिष्ठ नेता सीपी गजुरेललाई नियुक्त गरिएको छ', सिंहले भने ।
किरण गत वर्ष मंसिर २३ गते कीर्तिपुरमा सम्पन्न महाधिवेशनबाट सर्वसम्मत महासचिव नियुक्त भएका थिए । लाम समय निमोनिया र दमबाट पीडित किरण जेठदेखि पटक पटक अस्पताल भर्ना भएका थिए ।
किरणको अनुपस्थितमा गजुरेलले कार्यवाहक महासचिवको भूमिका निर्वाह गर्दै आएका थिए । किरणको आगामी भूमिका पार्टीको संरक्षक, वैचारिक तथा सैद्धान्तिक रूपमा रहने सिंहले बताए ।
यस्तै बैठकले स्थायी समिति सदस्यमा परी थापा र सिताराम तामाङलाई नियुक्त गरेको छ ।

## श्री भूमिसुधार तथा मालपोत कार्यालय
भद्रपुर, झापा

## छुट जग्गा दर्ता सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

झापा जिल्ला मेचीनगर न.पा. वडा नं. ७ बस्ने श्री देवी प्रसाद उप्रेतीले साविक नकलबन्दा-३ग कि.नं. ४५ ज.वि. ३-५-० र ऐ.ऐ. कि.नं. ३१ ज.वि. ०-७-१० जग्गा २०२१ सालको सर्वे नापीमा छुट भएको भनी उक्त जग्गा मेरा नाउँमा दर्ता गरी पाउँ भनी निवेदन पर्न आएकोमा फिल्डबुकको ज.ध. महल खाली भएको, मोही महलमा देवीप्रसाद उप्रेती उल्लेख भएको, मेचीनगर नगरपालिका वडा नं. ७ को च.नं. ४८९६ मिति २०८२/०३/१८ को पत्रले निजले जोतभोग तथा भोगचलन गरिरहेको व्यहोराको सिफारिस भई आएको हुँदा यस जग्गामा अरु कसैको हकदावीको प्रमाण भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर झापामा आपनो प्रमाण सहितको कागजात लिई आफै वा वारेश मार्फत हकदाबीको उजुरी गर्नु होला अन्यथा कानून बमोजिम कार्बाही भई जाने व्यहोरा सबैको जानकारीको लागी सूचित गरिन्छ ।

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेशको

## १५ दिने सूचना

सधियार दक्षिणः श्री भीम बहादुर गुरुङको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ४ हाल बिर्तामोड नगरपालिका, वडा नं. ४ बस्ने श्री विष्णुराम श्रेष्ठले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ४ | १७९-०८०-२१ | ३२४८१३ | ४३३.३० | २०८१ | २०८१/११/०१ | २०८२/०५/०४ |




शुभ दिपावली, नेपाल सम्वत् तथा छठ पर्वको अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं।

अध्यक्ष : देवेन्द्रकुमार सिंह
माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. परिवार
बिर्तामोड, झापा




कपुरी मोटोकर्प प्रा.लि.
बिर्तामोड,झापा सम्पर्क: ०२३५३०४५२,९८०२६००५१९,९८०२६००५३१

## सम्पादकीय

# तिहारमा आगलागीको जोखिम

तिहार सुरु भइसकेको छ । घरघरमा दियो, बिजुलीका झिलीमिली बत्ती बालेर घर सिँगार्ने काम पनि सुरु भइसकेको छ । योसँगै सरकारले निर्यात तथा प्रयोगमा निषेध गरेको पटाका पनि सर्वसाधारणहरूले पड्काउन सुरु गरिसकेका छन् । हरेक वर्ष पटाका पड्काउँदा हर्षोल्लासको तिहार शोकमा परिणत भएका सामाचारहरू नआएका होइनन् तर पनि रमाइलोका लागि पटाका पड्काउनेमा भने कमी आउन सकेको छैन ।

रमाइलोको नाममा अवैधानिक रूपमा खरिद गरेर ठूला प्रकारका पटाका पड्काउँदा मानवीय स्वास्थ्यमा हानि मात्र नभएर सम्पत्ति पनि नष्ट भइरहेको हुन्छ ।

तिहारमा रमाइलोका लागि पटाका पड्काउँदा अंगभंग हुने, आगलागी हुने घटना हुन सक्दछ । त्यस्तै, झिलीमिली बत्तीहरू बाल्दा तारहरू मिलाउने क्रममा बिजुली सर्ट हुन गई ठूला आगलगी भएर करोडौँका धनसम्पत्ति नष्ट भएका समाचारहरू पनि हामीले सुन्दै आएका छौँ ।

तिहारमा परिकारहरू बढी पाक्ने, बिजुली बत्ती, दियोको प्रयोग बढ्ने र पटाकाहरू पड्काउने हुँदा तिहारलाई अत्यन्त जोखिमपूर्ण पनि मान्छन् अग्निविज्ञहरू ।

पटाका घरैघर भएको स्थानमा पड्काउनु हुँदैन । भरसक प्रज्ज्वलनशील पदार्थ तथा वस्तुनजिकै भएको स्थानमा पड्काउनु हुँदैन । कौसीमा पटाका पड्काउने प्रचनल बढ्दै गएको छ । यसरी पड्काउँदा कौसीबाट पटाका जल्दै झ्यालबाट भित्र पस्न सक्ने सम्भावाना हुन्छ ।

पटाका पड्काउँदा पड्किएन भनेर पटक–पटक बाल्न खोजिन्छ । सुरुमा नबलेको पटाका पछि बल्ने सम्भावना बढ्दा पड्किएर नजिक पुगेको व्यक्तिको अंगभंग हुन सक्छ । तिहारको समयमा घरमा पेट्रोल, डिजेल, कार्टुन् र लिकेज भएका सिलिण्डरहरू राख्नु हुँदैन । भरसक तिहारमा सेलरोटीलगायतका तातो तेलमा पकाउने परिकारहरू बनाउँदा बाहिर बनाउने, पर्दा वा कपडाहरू नजिकै भएको स्थानमा पकाउनु हुँदैन ।

दियो बाल्नुहुन्छ भने खाली स्थानहरूमा मात्र बाल्ने, नेपालीहरूको बेडरुममा पनि दियो बाल्ने चलन छ जसले आगो छिटो सल्कने सम्भावना बढ्छ । दियोहरू बाल्दा बालबालिकाहरुको प्रयोग गरिन्छ । बालबालिकालाई भरसक दियो, लाइटर, सलाई बोक्न दिनु हुँदैन । तिहारमा आउन सक्ने सबै जोखिहरूबारे पूर्ण तयारी अवस्थामा बस्नुपर्ने हुन्छ ।जसका लागि पानीको स्रोत नजिकै रहे नरहेको हेर्नु पर्छ । तिहार अथवा दीपावलीलाई झिलिमिली बत्तीहरूको चाडका रूपमा लिइन्छ । तिहारको अवधिभरि सबैले आआफ्नो घरमा दियो बत्ती बालेर झिलिमिली बनाउने चलन छ । हिजोआज कतिपयले भने रेडिमेड दियो र बत्ती बाल्ने क्रम पनि बढेको छ । तिहारको रमाइलोमा भुलेर आफ्नो सुरक्षाका बारेमा भने सोच्न बिर्सनु हुन्न । तिहारमा बत्ती बाल्दा वा पटाका पड्काउँदा धेरै नै होशियार हुनुपर्छ । त्यसैगरी टाढाटाढासम्म पुगेर राति अबेरसम्म देउसीभैलो खेल्न पनि हुँदैन । हिजोआज असुरक्षाका विभिन्न घटना सुनिने गरेकाले आफ्नो सुरक्षा आफैं गर्न सिक्नुपर्छ ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसंगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# निर्वाचन प्रणालीमा सुधार




• टिकेश भट्ट

नेपाल जस्तो विकासशील मुलुकमा स्थायित्व र दिगो प्रगति केवल भावनामा आधारित राजनीतिक प्रणालीले सम्भव छैन । भावनाले अल्पकालीन जनसमर्थन र लोकप्रियता त दिन सक्छ तर दीर्घकालीन नीति र विकासका लागि चेतनामा आधारित, वैज्ञानिक, समावेशी र सन्तुलित राजनीतिक प्रणाली अपरिहार्य छ । इतिहासले देखाएको छ, शक्ति एक व्यक्तिमा केन्द्रित हुँदा अधिनायकवाद र अस्थिरता जन्मिन्छ । विश्वका केही उदाहरणहरूले यसलाई प्रमाणित गरेका छन् । सिरिया, अफगानिस्तान, सुडान र हालको बङ्गलादेशमा राजनीतिक असन्तुलन, ध्रुवीकरण र संस्थागत कमजोरीले आन्दोलन, हिंसा, असुरक्षा र आर्थिक संकट निम्त्याएका छन् । यस्तो अस्थिर वातावरणले पर्यटन, वैदेशिक लगानी, रेमिट्यान्स र भन्सार राजस्वमा प्रत्यक्ष असर पुऱ्याउँछ, जसले दिगो विकास र आर्थिक समृद्धिलाई रोक्छ ।

नेपालमा पनि यस्तै अवस्था दोहोरिन नदिन राजनीतिक सुधार आवश्यक छ । 'प्रि अनाउन्स्ड' प्रधानमन्त्री प्रणाली वा 'चेक एन्ड ब्यालेन्स' सहितको कार्यकारी राष्ट्रपति प्रणाली उत्तम विकल्प हुन सक्छ । यसले नेतृत्वलाई प्रत्यक्ष रूपमा जनतासमक्ष जवाफदेही बनाउँछ । संस्थागत सन्तुलन कायम राख्छ । शक्ति सन्तुलन भएको प्रणालीले केवल अस्थिरता रोक्दैन, निर्णय प्रक्रियामा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्छ । जातीय, धार्मिक र क्षेत्रीय विविधता भएको समाजमा समावेशी प्रणाली अपरिहार्य छ । यी विविधतालाई सम्मान नगरी शक्तिको असमान वितरण भयो भने, सामाजिक असन्तोष बढ्छ र दीर्घकालीन विकासमा बाधा पुग्छ ।

वर्तमान निर्वाचन प्रणालीमा केही सुधार आवश्यक छ । उम्मेदवारको योग्यताको मापदण्ड स्पष्ट हुनु पर्छ । उम्मेदवारले आफ्नो सम्पत्ति स्पष्ट र कानुनी मुद्दा नभएको प्रमाण पेस गर्नुपर्ने व्यवस्था हुनु पर्छ । यसले बहुदलीय प्रणालीमा पनि योग्य र पारदर्शी व्यक्तिलाई मात्र प्रतिनिधित्व गर्ने अवसर सुनिश्चित गर्छ । गुणस्तरीय नेतृत्व सुनिश्चित गर्न सामानुपातिक सांसदको संख्या घटाउनु आवश्यक छ । योग्य नेतृत्व मात्र दिगो र स्थिर सरकार निर्माण गर्न सक्छ, जसले राष्ट्र निर्माण, दिगो नीति र आर्थिक विकास सुनिश्चित गर्छ ।

राजनीतिक दलहरूले निजी वा विदेशी दबाबमा नभई राज्यकोषमै आधारित भएर काम गर्दा भ्रष्टाचार घट्छ र नीति जनमुखी बनाउँछ । यसले उद्योग, व्यापार र लगानीमा स्वतन्त्रता दिन्छ, लगानीकर्तालाई सुरक्षित वातावरण प्रदान गर्छ र वैदेशिक लगानी आकर्षित गर्छ । नेपालका व्यवसायीले मुलुकमा स्वतन्त्र रूपमा लगानी गर्न



सक्नुपर्ने वातावरण सिर्जना गर्नु अपरिहार्य छ । सरकारले व्यवसायी र युवा उद्यमीलाई सहज वातावरण दिनु, नीति र नियम सरल बनाउनु र उद्यमशीलता प्रोत्साहित गर्नु महत्वपूर्ण छ ।

नेपालमा कृषि, जलविद्युत्, साना र ठुला उद्योगलाई केन्द्रमा राखेर दिगो विकास गर्न सकिन्छ । साना कृषिगत उद्यम, स्थानीय स्तरमा उत्पादन र कृषि-आधारित उद्योगलाई प्रोत्साहन गर्दा रोजगारी सिर्जना भई खाद्य सुरक्षा सुनिश्चित हुन्छ । कृषि क्षेत्रमा आधुनिक प्रविधि, बिउ, सिँचाइ सुविधा र बजार पहुँच प्रदान गर्नु अपरिहार्य छ । साना र मझौला उद्योगलाई कम ब्याजदरमा ऋण, प्राविधिक प्रशिक्षण र सहज बजार पहुँच उपलब्ध गराउनु पर्छ, जसले उद्यमशीलतालाई प्रवर्धन गर्छ । जलविद्युत् र ठुला औद्योगिक परियोजनामा निजी र वैदेशिक लगानी आकर्षित गर्दा दिगो ऊर्जा उत्पादन, निर्यात वृद्धि र रोजगारी सिर्जना हुन्छ । पर्यटन क्षेत्रलाई व्यवस्थित, सुरक्षित र दिगो वातावरणमा विकास गर्नु पर्छ, जसले वैदेशिक मुद्रा आम्दानी बढाउँछ र सांस्कृतिक संरक्षण सुनिश्चित गर्छ ।

नेपालका युवा, विशेष गरी विदेशमा बसेका युवाले नेपालको विकासमा मह□वपूर्ण योगदान दिन सक्छन् । उनीहरूलाई लगानी र उद्यमशीलतामा भाग लिन प्रेरित गर्न स्थिर र विश्वासिलो सरकार आवश्यक छ । विदेशमा रहेका नेपाली युवा, आफ्नो सिप र अनुभव नेपालमा लगानी गर्न चाहन्छन् तर अस्थिरता र राजनीतिक अनिश्चितताले उनीहरूलाई रोक्छ । सरकारले युवालाई उद्यमशीलतामा स्वतन्त्रता दिनु, लगानीको वातावरण सहज बनाउनु र कर नीति, बैङ्किङ सुविधा तथा प्रोत्साहनात्मक कार्यक्रम उपलब्ध गराउनु आवश्यक छ । यसले युवालाई लगानी गर्न स्वतन्त्र महसुस गराउँछ र मुलुकको अर्थतन्त्रलाई बलियो बनाउँछ ।

युवाको भूमिका दिगो विकासमा महत्वपूर्ण छ । पछिल्लो समय देखा परेको जेनजी आन्दोलन केवल विरोधको स्वर मात्र होइन, भविष्य निर्माण गर्ने आकाङ्क्षा हो । उनीहरूको आवाजलाई नीति र विकासमा आत्मसात् नगरी दीर्घकालीन स्थायित्व सम्भव छैन । युवाले मागेको पारदर्शिता, जवाफदेहिता र अवसर मात्र नयाँ नेपाल निर्माण गर्न सक्षम छ । राज्यले युवाको आवाज दबाएर दीर्घकालीन समाधान सम्भव हुँदैन ।

दिगो विकासका लागि शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा लगानी अपरिहार्य छ । योग्य मानव संशोधन तयार गर्नुको अर्थ मात्र रोजगारी सिर्जना होइन, नवप्रवर्धन र उद्यमशीलता प्रवर्धन गर्नु हो । स्वास्थ्य र सामाजिक सुरक्षामा लगानीले जनताको जीवनस्तर सुधार्छ र दिगो समृद्धिको आधार तयार गर्छ । युवा सशक्तीकरण, उद्यमशीलता, विज्ञान र प्रविधिमा लगानी गरी नवप्रवर्धनलाई प्रवर्धन गर्नु आवश्यक छ ।

आर्थिक नीति र उद्योग विकासमा सन्तुलन आवश्यक छ । कृषिमा आधुनिक प्रविधि, सिँचाइ, बिउ र बजार पहुँच सुनिश्चित गर्नु पर्छ । साना र मझौला उद्योगलाई प्रोत्साहन गर्दा गाउँपालिका र स्थानीय तहमा रोजगारी सिर्जना हुन्छ । जलविद्युत् र ठुला उद्योगमा वैदेशिक र निजी लगानी आकर्षित गर्दा दिगो ऊर्जा र रोजगारको स्रोत सिर्जना हुन्छ । पर्यटनलाई व्यवस्थित र सुरक्षित वातावरणमा विकास गर्नु आवश्यक छ । सरकारले कम ब्याजदरमा ऋण उपलब्ध गराउने नीति, 'इन्भेस्ट इन नेपाल' नीति र उद्यमशीलता प्रवर्धनमार्फत आर्थिक वातावरण आकर्षिक बनाउन सक्छ । यसले युवालाई उद्यमशीलतामा स्वतन्त्र महसुस गराउँछ र लगानीकर्तामा विश्वास बढाउँछ ।

वैदेशिक सम्बन्धमा नेपालले बुद्धिमानीपूर्वक नीति अपनाउनु पर्छ । सकारात्मक विदेशी सम्बन्ध र सहयोगले लगानी, प्राविधिक हस्तान्तरण र बजार पहुँच सुनिश्चित गर्छ । विदेशी दबाबको सट्टा राष्ट्रिय हितलाई प्राथमिकता दिने नीति अपनाउनु आवश्यक छ । यसले दिगो विकास, आर्थिक समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न मद्दत गर्छ । राजनीतिक सुधार, युवा सशक्तीकरण, आर्थिक नीति र उद्यमशीलता, वैदेशिक सम्बन्ध सुधार र दिगो विकासका उपाय सँगसँगै लागु गर्दा मात्र नेपालले शिक्षा, रोजगारी, कृषि, उद्योग, जलविद्युत्, पर्यटन र समावेशी विकासमा लगानी गरेर दिगो समृद्धि हासिल गर्न सक्छ । नेताको व्यक्तिगत लोकप्रियता वा भावना मात्रलाई प्राथमिकता दिइयो भने, युक्रेन, अफगानिस्तान, सुडान वा बङ्गलादेशमा देखिएको अस्थिरता नेपालमा पनि दोहोरिन सक्छ । सचेत, समावेशी र सन्तुलित लोकतान्त्रिक प्रणाली, जहाँ युवाको विचार, सहभागिता र चाहना प्राथमिक हुन्छ, त्यहाँ मात्रै दिगो विकास, स्थायित्व र समृद्धि सुनिश्चित हुने छ ।

समग्रमा नेपालले चेतनामा आधारित राजनीतिक प्रणाली, योग्य नेतृत्व, युवा सशक्तीकरण, उद्यमशीलता प्रवर्धन, कृषि र जलविद्युत्मा लगानी, वैदेशिक सम्बन्ध सुदृढीकरण र समावेशी नीति अपनाउँदा मात्र दिगो समृद्धि हासिल गर्न सक्छ । नेपालका व्यवसायी र युवाले स्वतन्त्र रूपमा लगानी गर्ने वातावरण सिर्जना गर्नु पर्छ । विदेशमा रहेका नेपाली युवालाई पनि नेपालको विकासमा सहभागी हुन प्रोत्साहित गर्नु पर्छ । यसरी मात्र नेपालले आर्थिक विकास, सामाजिक न्याय, शिक्षा, रोजगारी, नवप्रवर्तन र दिगो लोकतन्त्रको बलियो आधार निर्माण गर्न सक्षम हुने छ । स्थिर सरकार, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्दा मात्र युवाले उद्यमशीलता र लगानीमा विश्वास राख्ने छन् र मुलुकको विकासमा सक्रिय योगदान दिने छन् ।

# राजनीतिक निकासको मूल बाटो



• रामनारायण बिडारी

नेपालमा राणाकालमा वाक् तथा प्रकाशन स्वतन्त्रता थिएन । २००७ मा राणा शासनविरुद्धमा जनआन्दोलन भयो । त्यसपछि वाक तथा प्रकाशन स्वतन्त्रता आयो । राजा त्रिभुवनले दुई वर्षभित्र सर्वाधिकार सम्पन्न विधान सभाको निर्वाचन गर्ने भनेर घोषणा गरे । त्यसपछि राजनीतिक दल खुले । प्रतिक्रान्तिको प्रयास पनि प्रशस्त भयो । नेपाली कांग्रेसको नाममा लुटपाट मच्चाइयो । २०१५ सालमा पहिलो पटक दलसहितको वालिग मताधिकारको निर्वाचन भयो ।

कांग्रेसको सरकार गठन भयो । यसको नेतृत्व बिपी कोइरालाले गरे । दुई वर्ष बित्न नपाउँदै राजाले सो सरकारलाई अपदस्त गरेर शासन आफ्नो हातमा लिए । राजाको यो शासन दल प्रतिबन्धसहित पञ्चायत व्यवस्थाको नाममा तीन दशक चल्यो । २०३८ मा दलविहीन दोस्रो वालिग मताधिकारका लागि निर्वाचन भयो । जसले अप्रत्यक्ष रूपमा दल सञ्चालन गर्न मद्दत गऱ्यो । राजतन्त्र शासनकालमा पहिलो पटक निर्दलीय व्यवस्थामा दलीय अभ्यास जनमुखीको नाममा रूपचन्द्र विष्टले गरे ।

विसं २०४३ मा कांग्रेस-कम्युनिस्टले निर्दलीय व्यवस्थामा जनपक्ष र प्रजातान्त्रिक नामबाट निर्वाचनमा अभ्यास गरे । फलस्वरूप राजनीतिक दलले जनआन्दोलन गरेर २०४६ मा दलीय व्यवस्था कायम गराए । राजाले पनि संवैधानिक राजतन्त्रको नाममा रहन सहमत भए । २०४७ को संविधान बन्यो चल्यो । २०५१ मा तत्कालीन एकता केन्द्र विभाजन भएर माओवादी बन्यो । सो दलले तत्कालीन राजतन्त्रात्मक बहुदलीय व्यवस्थाको विरुद्धमा 'जनयुद्ध' का नाममा सशस्त्र सङ्घर्ष सुरु गऱ्यो । जसले राजतन्त्रात्मक बहुदलीय व्यवस्थालाई कमजोर बनायो । यसैका कारणसमेत मिसिएर बहालवाला राजाको वंश नै नास भयो । नयाँ राजाले फेरि प्रत्यक्ष शासन हातमा लिए । नाटकीय चुनावको घोषणा पनि गरे/गराए । ससस्त्र सङ्घर्ष र दरबार हत्या काण्डको फ्युजनमा त्यो राजाको शासनविरुद्ध २०६२ मा जनआन्दोलन भयो । फलस्वरूप २०६३ मा संविधान सभा निर्वाचन हुने गरी अन्तरिम संविधान जारी भयो । यही संविधानका आधारमा संविधान सभा चुनाव भएर वर्तमान नेपालको संविधान २०७२ जारी भएको छ ।

संक्षिप्तमा यो राजनीतिक इतिहास किन स्मरण गराउनु परेको छ भने २०८२ भदौ २३ गते नेपालका युवाले नेपालमा भ्रष्टाचार चरम अवस्थामा पुगेकाले सोको निर्मूल गर्न र वाक् तथा प्रकाशन स्वतन्त्रता वा हालको आधुनिक सूचना सम्प्रेषित गर्ने सामाजिक सञ्जालको सहज सुचारु गर्न भनेर जुलुसको आयोजना गरे । यसलाई राजनीतिक दलले बेवास्ता गरे पनि आमजनसमुदायले सर्मथन गरे । फलस्वरूप विशाल जुलुस प्रदर्शन भयो । केपी ओली नेतृत्वको सरकारले सो जुलुसलाई नियन्त्रण गर्न सकेन । जुलुस अनियन्त्रित हुन पुग्यो । सत्ताले गोलीको साहाराबाट नियन्त्रण गर्छु भनेर गोली चलाउँदा १९ जना कलिला बालबालिकाको अकालमा मृत्यु भयो । उनीहरू सहिद हुन पुगे । यो कुरा आमनेपाली जनतालाई सह्य भएन । यसको प्रतिकारक्रमा व्यापक जुलुससहितको आन्दोलन हुने अवस्था आयो । यो देखेर सरकारले रिङरोडभित्र काठामाडौँ र ललितपुरमा कर्फ्यु जारी गऱ्यो ।

आक्रोशित भिड रिङरोडबाहिर एकत्रित भयो । सो भिडलाई दुरुपयोग गर्न केही अराजक र केही दलका केही कार्यकर्तालाई धमिलो पानीमा माछा मार्न पल्लेकाहरूले परिचालित गरेर खास गरी प्रधानमन्त्री, मन्त्री भएकालाई आक्रमण गर्ने, लुटपाट र आगजनीका कार्य गर्न सुरु गरे ।

जसमा बिस्तारै विभिन्न पेसामा रहेका व्यवसायमा रहेका आपराधिक गतिविधिमा रहेर फरार भएका अनागरिक अङ्गीकृत नागरिकसमेत मिसिएर ठुलो संख्या हुन पुग्यो । जसले रिङरोडभित्र प्रवेश गर्न र कर्फ्यु अवज्ञा गर्न थालेपछि राष्ट्रिय सम्पत्ति, भवन, राज्यका पदाधिकारीका कार्यालय, न्यायपालिका, व्यवस्थापिका, कार्यपालिका तिनै अङ्गमा आगजनी गर्न थाल्यो । अचम्मको कुरा त बिपी, पुष्पलालको सालिक, कृष्णप्रसाद भट्टाईको आश्रम रुपचन्द्र विष्टको सवारीसाधनसमेत खोजेर ध्वस्त पारे । यसको अर्थ के लाग्छ ? इतिहासले भन्ला ।

सेनाको उपस्थिति भएपछि मात्र स्थिति समालियो । सेनाका उपस्थितिमा आन्दोलनकारी र राष्ट्रपतिबिच वार्ता भयो । यही वार्तामा आवश्यक सबै कुरा हुन सकेन । सरकार कस्तो बनाउने ? चुनाव कसरी कस्तो खालको गर्ने ? संविधानका कुन-कुन प्रावधान संशोधन गर्ने ? राज्यका अङ्गमा पुनर्नियक्ति गर्ने कि नगर्ने ? वास्तविक आन्दोलनकारी शक्तिको राज्य व्यवस्थामा सहभागी कसरी गर्ने ? संसद्लाई कहिले, कसरी र कसले विघटन गर्ने आदि विषयमा विस्तृत सम्झौता हुन आवश्यक थियो । यस्तो विषयमा किटान गर्न आन्दोलनरत जेनजी, राजनीतिक क्षेत्रका विश्लेषकबाट आवश्यक सहायोग लिन आवश्यक थियो । यस्तो गरेको भए दुई दिन ढिला हुन सक्थ्यो तर रोडम्याप तयार हुन्थ्यो र सो रोडम्याप अनुसार वर्तमान सरकार चल्न सक्थ्यो । देशलाई अस्थिरताबाट निश्चित बाटोमा लैजान सजिलो पर्दथ्यो । जे होस् यो कुरा बितिसक्यो । आन्दोलनकर्ताको माग पनि पूरा भएको छैन । आन्दोलन देखाएर स्वार्थ पूरा गर्न हिँडेकाहरूको पनि माग पूरा भएन । यस्तो अवस्थामा वर्तमान सरकार, देशका बुद्धिजीवी, राजनीतिक व्यक्तित्व, दल सबैले तोकिएको मितिमा निर्वाचनमा सहभागी हुने गरी सम्झौता गरौँ ।

सम्झौता के-के विषयमा गर्ने ? कसरी गर्ने बारेमा विस्तृत सहभागी हुने गरी सरकारले नै कार्यक्रम आयोजना गरोस् । सरकारलाई सबैले सहयोग गरौँ, संविधानको कठोर व्याख्या नगरी आन्दोलनको मर्म र आवश्यकताको सिद्धान्त अनुरूप संविधान संशोधन, युवा जो १८ वर्ष पुगेका छन्, तिनले निर्वाचनमा भाग लिन पाउने गरी निर्वाचन प्रणालीको संशोधन जो जे गर्नु पर्छ गर्ने गरी सोही सम्झौताबमोजिम निर्वाचन गरौँ । विगतमा पनि आन्दोलनकारी र सरकारबिच सम्झौता भएर नै व्यवस्था परिवर्तन भएको हो ।

सन् १९४९ मा जारी भएको भारतको संविधान आजसम्म सक्रिय छ । चीनको संविधान चलिरहेको छ । अमेरिकी संविधान अढाई सय वर्षसम्म चलेको छ । हाम्रो संविधान सभाले जारी गरेको २०७२ को संविधानलाई जेनजी पुस्ताका युवाको माग पूरा हुने गरी संशोधन गर्न सरकार, राजनीतिक दल, नागरिक समाज तयार हुनु देश र जनताका लागि हितकर हुन्छ । भावी पुस्ताले वर्तमान सरोकारवालालाई सम्मानका साथ राख्छन् । देशले राजनीतिक निकास पाउँछ । जनता विकास बाटोमा लाग्न सक्छन् । युवाले रोजगारीको अवसर पाउने छन् । यो कार्य देशमा कार्यरत दल र यसका नेताहरूले सुझबुझका साथ काम गरुन् ।

सरकारले भ्रष्टहरूलाई कानुनबमोजिम कारबाहीको दायरामा ल्याओस् । पीडितलाई न्याय दिलाउन आवश्यक कार्य गरोस् । सहिद, घाइते र तिनका परिवारलाई आवश्यक सम्मान, सुरक्षा, सुविधा देओस् । आन्दोलनका क्रममा निर्दोष नागरिकलाई पर्न गएको क्षति अध्ययन गरेर आवश्यक प्रबन्ध गरोस् । राष्ट्रिय सम्पदा, सम्पत्ति, सार्वजनिक सम्पत्तिमा आगजनी गर्ने, व्यक्तिको घर लुट्नेको पहिचान गरी कानुनबमोजिमको दण्ड सजाय गरोस् । सुरक्षा निकायको मनोबल उचाल्न, सुरक्षाकर्मीको उपचार, मृत्यु भएको परिवारलाई उचित भरणपोषणको व्यवस्था गरियोस् ।

यी कार्य गर्न छानबिन आयोगको प्रतिवेदन कुर्न आवश्यक छैन । यो राज्यको सरकारको नियमित कार्य हो । सुशासनमा मसिनुसँग ध्यान दिइयोस । हरेक पदाधिकारी र कार्यालयमा अनुगमन गर्ने निकाय सक्रिय बनाइयोस् । यति कार्य गरेर तोकिएको मितिमा निर्वाचन गराउने कार्य यो सरकारले गरेर नेपाल र नेपालीलाई गुन तिरोस् । विश्व समुदायमा नेपालको गरिमा उच्च बनाओस् । यसो गर्न सकिएन भने देशले सराप्ने छ । सतिले सरापेको देशमा निर्दोषलाई दोषी पारिने छ भन्ने मनभित्र गडेको कुरा बाहिर नै देखिने छ । उच्चस्तरीय छानबिन आयोगले आफ्नो कार्य गर्ने नै छ । यसबारेमा प्रतिवेदन आएपछि नै यसको निष्पक्षता र भरोसा बारेमा कुरा गर्न सकिन्छ । अहिले यस बारेमा अनुमान र अड्कलका कुराले देशलाई अल्मल्याउने काम नगरौँ ।

# त्यो बेलाको तिहार



• रमेश नेपाल

तिहार हिन्दुहरुको बर्षकै सबैभन्दा ठुलो चाडको रुपमा लिने गरिन्छ। बाल्यकालजस्तो चाडबाड फर्केर सबैको जीवनमा कहिल्यै आउँदैन पनि । तिहार आउन दस-पन्ध्र दिन हुनुभन्दा अगाडि नै गाउँमा तिहारको रौनक छाउने गर्थ्यो । परदेशीहरु टेप रेकर्ड काँधमा राखेर नयाँ तिहारका देउसीका मार्मिक गीत घन्काउदै आउँदा तिहार तिहार जस्तो लाग्थ्यो । घर वरिपरि आएर काग बाँस्दा कुनै खबर ल्यायो कि भै लाग्थ्यो । वर्षमा एकदिन कागको पूजा गर्ने चलनले मानिसलाई सधैँभरि चराहरू र उनीहरूका वासस्थानप्रति इमानदार हुनुपर्छ भन्ने सन्देश दिन खोजेको बुझिन्छ । गाउँका साथीभाइहरुसंग तिहारमा देउसी कहाँ खेल्ने को को खेल्ने र कसरी खेल्ने भन्ने बारेमा आपसमा भेटघाट गरि सरसल्लाह लिने गरिन्थ्यो । अचेल आधुनिक जमानाले फोनमा भेटिनेहरु पनि आफ्नाहरुलाई पनि पराई बनाइदियो ।

बाल्यकालको मेरो तिहार पनि कम रमाईलो थिएन ।काग तिहारदेखि नै यताउता गरिन्थ्यो । कुकुर तिहारको दिन भुस्याहा कुकुर खोजेर भएपनि क्यातुके फुलको माला लगाइदिइन्थ्यो ।त्यतिखेर हाम्रो गाउँमा कुकुर खासै कसैले पाल्दैन थिए । अनि गाई तिहारको दिन बिहानै उठेर आमाले गाई पुज्न पकाएको बाबरको रोटी टुक्रा टुक्रा पारेर भुसमा मिसाएर राखिन्थ्यो अनि विभिन्न कलरहरु चामलको पिठोमा मिसाएर गाईलाई पुजिन्थ्यो र गाईलाई रंगी बिरंगी बनाइन्थ्यो । त्यही गाई पुजेको कलर घरको भित्तामा पनि लगाइन्थ्यो ।त्यो बेला हाम्रो घर खरले छाएको सुन्ठीको टाँटीको थियो । त्यो टाँटीमा गोबर र माटो मिसाएर आमाले कमेरो माटोले लिप्नु हुन्थ्यो ।लक्ष्मीपुजाको दिन मैनबत्ती र पाला बालिन्थ्यो । जुन घरमा पाला बालिन्थ्यो ,त्यो घर सम्पन्न भएको मानिन्थ्यो भने साधारण परिवारले मैनबत्ती बाल्थे । हामी मैनबत्ती बाल्ने वर्गमा पर्थ्यौं ।लक्ष्मीपुजाको दिन विशेष गरि महिलाहरुको भैलेनी भएता पनि हामी केटाहरुको समूह भैलिराम भन्दै जान्थ्यौं ।हामीलाई तिमीहरुको हैन आज भन्दै खेदाउनु हुन्थ्यो ।हाम्रो गाउँमा मोटी आमै भन्ने एकजना आन्टी हुनुहुन्थ्यो । उहाँको अग्लो घर थियो । उहाँले माथिबाटै रु १ को डलर फालिदिनु हुन्थ्यो ।अरुले चारआना,आठाना दिन्थे । उहाँले १ रुपैयाँ दिँदा हामी औधी खुशी हुन्थ्यौँ

गोरु तिहारको दिन हामी बिहान ८ बजे नै देउसी खेल्न निस्कन्थ्यौ ।देउसी खेल्ने हाम्रो ३ जनाको टोली थियो ।जसको नेतृत्व मेरो दाजु गोपी नेपालले गर्नुहुन्थ्यो ।दाजु,म अनि दिनेश बुढाथोकीको टिम थियो हाम्रो । हामी हाम्रो गाउँमा देउसी खेल्न जाँदैन थियौ ।हाम्रो गाउँभन्दा पारी अर्थात हाम्रो गाउँ बिचार्नी थियो भने निन्दाखोला पारी बिचकामत,गौचरण र गोमनसरी भन्ने गाउँतिर जान्थ्यौँ ।हामीले त्यो बेला बोक्ने लौरो घन्सिङको हुन्थ्यो ।घन्सिङलाई तासेर रातो कलर दलेर चिटिक्क पारेको हुन्थ्यो ।भट्याउने मेरो दाजुले चाहिँ गतिलै लौरो बोकेको हुन्थ्यो ।हामीलाई बाटोमा कतिले जिस्काउनु पनि हुन्थ्यो कि लौरौ हेरेरै चारआना बढी दिन्छन् भनेर ।भट्याउँदा त्यो बेला कुनै कथा वाचन गर्दै भट्याइन्थ्यो ।हामी चाहिँ राजकुमार दिक्पालको कथा भट्याउँथ्यौ ।सुरिलो भाकामा दाजुले भट्याउँदा म र दिनेश चाहिँ देउसिरे भन्थ्यौं । बेला बेला दिनेशले चाहिँ दहीचिउरे भन्थ्यो अनि भरे दोष मलाई लगाउँथ्यो ।दिनेश र मेरो दाजु एउटै उमेरका थिए ।दिनभरि देउसी खेलिसकेपछि बेलुका पैसा बाँडिन्थ्यो ।भट्याउनेलाई अलिक बढी दिन्थ्यौँ ।अनि देउसी खेलेको पैसाले भोलिपल्ट भाइटीका लगाई सकेपछि मेलामा डाईस खेल्थैं म । म जन्मेको गाउँ झापाको ज्यामिरगढी ३ बिचार्नी बजारमा प्रत्येक साल भाइटीकाको दिन मेला लाग्ने गर्दछ । अहिले पनि म हरेक बर्ष टीका लगाइसकेपछि त्यो मेलामा जाने गरेको छु ।जहाँ बाल्यकालको यादलाई अझ बढी ताजा बनाउने माध्यम बनेको छ । अहिले पनि त्यो बाल्यकालको तिहार सम्झँदा मनै हर्षित हुन्छ

तिहारमा पकाइने विभिन्न परिकार र सेलरोटीले गाउँ नै बसाउने गर्दथ्यो ।टाढा टाढाबाट आउने आफन्तजन इष्टमित्रले पुरै गाउँ नै रमाइलो हुन्थ्यो। त्यो बेला कहाँ हुन्थ्यो र हात हातमा मोबाइल ? रेडियोको एरिएल ठड्याउँदै देउसी गीत सुनेको याद छ । अचेल मादल भेटिन गाह्रो भैसक्यो । बरु हातहातमा मोबाइल र सानै भएनि डीजे जो कसैको घरमा भेटिन थाल्यो ।

तिहारमा नयाँ किन्ने चाह बचपनको यादले आज पनि कौतुहलताको बिषय बन्ने गर्छ ।गाउँमा जस्तो सामाजिक भावना , समानता र सामान्जस्यता शहरमा कहाँ पाइन्छ र ? शहरको जस्तो देखासिकी गाउँमा प्रायः कमै मात्र हुने गर्दछ । एउटा घरमा नभए अर्को घरमा भए आपसमा बाँडेर भएनि तिहारलाई खुशीयालीका साथमा बिदा गर्ने चलन छ ।

लाग्दैछ देउसी खेलेका घरमा प्रत्येक बर्ष देउसी टिमले नै दिन्थ्यो होला घरका छोराछोरी डाक्टर, पाइलट र इन्जिनियर बनून् भन्ने आशीर्वाद । भाइटिकाको अघिल्लो साँझसम्म आजभोलि ‘भन भन भाइ हो भन्दा देउसी रे’ भन्ने साथीभाइहरु छैनन् ।स्वर मिलाइकन भन्दा आवाज दिने साथी छैनन्। रातो माटो र चिप्लो बाटोमा लड्दै पड्दै आएकाहरु कहाँ हराइसके ।

समय अनुसार बद्लियो चाडबाड पनि खास अचेल गरी पटका पड्काएर होडबाजी गरेर मनोरञ्जन लिने चलन बढ्दै गएको पाइन्छ तर यसबाट अंगभंग हुनुका साथै ज्यान जाने खतरा पनि रहन्छ। त्यसैगरी तिहारमा खेलिने देउसीलाई पैसा कमाउने माध्यम बनाउने प्रवृत्ति बढ्दो छ। यस्ता नराम्रा कामहरू गर्दा कहिलेकाहीँ एक-अर्कामा विवाद भएर झगडा हुने गरेको केही वर्षदेखि देखिन थालेको छ। चाडबाडमा कसै-कसैले धेरै रुपैयाँ खर्च गरी ज्यादै तडकभडक पनि देखाउन थालेका छन् । “घाँटी हेरी हाड निल्नुपर्दछ” भनेझैं सबैले आफ्नो औकातले भ्याएअनुसार नै खर्च गरी यस्ता चाडबाडहरू मनाउनुपर्छ।

तिहार नेपालीहरूको ज्यादै रमाइलो र महत्वपूर्ण चाडपर्वको रुपमा लिने गरिन्छ। अन्य चाडवाडभन्दा बढ़ी खुशीका साथमा मनाउँछन्। प्रकृति पनि ज्यादै रमणीय र मनोरम देखिन्छ। स्वच्छ निलो आकाश र घर आँगनमा सुकाइएका बिस्कुन, घर-आँगनमा वरिपरि ढकमक्क फुलेको हजारी, सयपत्री र मखमली फूल आदि सबैले तिहारको सौन्दर्यलाई झनै लोभ्याएको देखिन्छ। मानिस प्रकृति र जीवजन्तुमा एकता, सद्भाव र समानताको भावना राख्नुपर्छ भन्ने सन्देश आज पनि कायमै छ। चाडपर्वहरूलाई हामीले आपसी मेलमिलाप बढाउने गरी मनाउनुपर्छ।



## थप ५० रुग्ण ठेक्का तोड्न सार्वजनिक सूचना

झापा(प्रस) । सडक र पुल निर्माणका लागि ठेक्का सम्झौता गरी काम नगरेर वर्षौंदेखि अलपत्र पारिएका थप ५० रुग्ण ठेक्का तोड्ने प्रक्रिया सुरु भएको छ ।
सडक विभागअन्तर्गत पुष्पलाल (मध्यपहाडी) राजमार्ग, संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय काठमाडौं, इटहरी, जनकपुर, पोखरा र सुर्खेतमातहतका सडक डिभिजन कार्यालयले रुग्ण अवस्थामा रहेका ५० वटा ठेक्का तोड्ने प्रक्रिया अगाडि बढाएका छन् । शुक्रबार १७ र शनिबार एक रुग्ण ठेक्का तोड्ने प्रक्रिया अगाडि बढाइएको थियो । सडक डिभिजन कार्यालय जनकपुरले २१, काठमाडौंले सात, ओखलढुङ्गा तथा अछाम डिभिजनले पाँच-पाँच, पाल्पा तथा दमौलीले चार-चार र धनकुटा, पोखरा, मध्यपहाडी तथा गोरखा सडक योजनाले एक-एक गरी ५० वटा ठेक्का किन नतोड्ने ? भन्दै आइतबार सार्वजनिक सूचना जारी गरेका छन् ।
सहरी विकासमन्त्री कुलमान घिसिङले ठेक्का लिने तर काम नगर्ने र आयोजना अलपत्र पार्ने प्रवृत्ति अन्त्यका लागि रुग्ण ठेक्का तोड्न मातहतका निकायलाई निर्देशन दिएका थिए । सडकअन्तर्गत दुई सय ५८ ठेक्का रुग्ण छन् ।
ठेक्का तथा योजनाको पटकपटक म्याद थप भई तोकिएको अवधिमासमेत निर्माणकार्य सम्पन्न गर्नेतर्फ चासो नदेखाई निर्माण अधुरो तथा अलपत्र परी निर्माण व्यवसायी लामो समयदेखि कार्यस्थलमा भौतिक रूपमा उपस्थित नभएर आधारभूत रूपमा ठेक्का उल्लङ्घन गरेको उल्लेख गरिएको छ ।
विभिन्न मितिमा लिखित तथा मौखिक रूपमा कार्य सम्पन्न गर्न अनुरोध तथा जानकारी गराउँदासमेत निर्माण व्यवसायीबाट निर्माण सम्पन्नतर्फ कुनै चासो नदेखाई ठेक्का सम्झौता उल्लङ्घन गरिएको जनाइएको छ ।
सूचना प्रकाशित भएको १५ दिनभित्र काम सम्पन्न गर्न सक्ने संशोधित कार्यतालिका, स्रोत साधन परिचालनको भरपर्दो योजना, कार्य सम्पन्न गर्ने प्रतिबद्धता र ठेक्का नतोड्ने कुनै मनासिब कारण भए सत्यतथ्य प्रमाण राखी स्पष्टीकरणसहित आधिकारिक व्यक्ति कार्यालयमा उपस्थित हुन सार्वजनिक आह्वान गरिएको छ ।
उक्त अवधिमा काम सुरु गर्ने तदारुकता नदेखाएमा सार्वजनिक खरिद कानुनमा भएको व्यवस्थाबमोजिम ठेक्का सम्झौता अन्त्य गरी कालोसूचीमा राख्ने तथा कार्यसम्पादन जमानत, धरौतीबापतको रकम, पेश्की जमानत जफत र पेश्की रकमको १० प्रतिशत ब्याज असुल गर्नुका साथै बाँकी काम गर्न लाग्ने खर्च सरकारी बाँकी सरह असुलउपर गर्नेतर्फ कारबाही अगाडि बढाइने उल्लेख गरिएको छ ।

## तिहार बिदामा इन्धन पाइने

झापा(प्रस) । तिहार बिदामा पेट्रोलियम पदार्थको बिक्रीवितरण खुला हुने भएको छ ।
नेपाल आयल निगमले तिहारको सार्वजनिक बिदामा उपभोक्ताको हितलाई ध्यानमा राखी डिपो तथा कार्यालय खुला राखी पेट्रोलियम पदार्थको बिक्री गर्ने भएको हो ।

बिदाको दिनमा सातै प्रदेशका डिपो सञ्चालनमा हुने निगमले जानकारी दिएको छ । चाडपर्वका बेला इन्धन खपत धेरै हुने हुँदा उपभोक्ताको सहजताका लागि समय तोकेर डिपो खुला गरिने निगमले जनाएको छ ।
निगमका अनुसार कोशी प्रादेशिक कार्यालय विराटनगरमा कात्तिक ४ र ५ मा डिपो सञ्चालन हुने छ । यस्तै मधेश प्रदेशमा, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशमा कात्तिक ३, ४ र ८ मा डिपो खुला हुने छ ।
यस्तै बागमती, कर्णाली र सदूरपश्चिम प्रदेशमा कात्तिक ४ र ७ मा डिपो खुला हुने निगमले जनाएको छ । यस्तै इन्धन डिपो, धनुषा-५ र ७, इन्धन डिपो नेपालगन्ज-४ र ८, शाखा कार्यालय वीरगन्ज-३, ४, ८ मा सञ्चालन हुने निगमले जनाएको छ । यस्तै इन्धन डिपो दाङ कात्तिक ४ र ८ मा शाखा कार्यालय दीपायल कात्तिक ८ मा खुला हुने निगमले जनाएको छ ।

**दाजुभाइ...**

रुपमा तिहारको चौथो दिन मनाइन्छ । पौराणिक कथन अनुसार गोवर्धन गोकुल शहरनजिकै रहेको एक पर्वत हो । कृष्ण भगवान् गोकुलमा गोपालहरूसँग बस्थे । गोपालहरू देवताका राजा इन्द्रको पूजा गर्ने गर्दथे तर इन्द्रबाट उनीहरूले केही पाउँदैनथे । कृष्णले एकदिन गोकुलवासीहरूलाई केही नदिने इन्द्रको पूजा गर्नुभन्दा खनिज, घाँस, पानी र दाउरा दिने गोवर्धन पर्वतको पूजा गर्नु राम्रो हो भन्ने कुरा राख्छन् र सबैजना त्यसै गर्न राजी पनि हुन्छन् । उनीहरु गोवर्धन पर्वतको पूजा पनि गर्छन् । त्यसै दिन नेपालीहरूले सालभरि अन्न उब्जाउन हलो तानी मानिसहरूको पालनहारी गोरूको पनि पूजा गर्दछन् । यस दिन बेलुका घरघरमा देउसी खेल्ने परम्परा छ ।

भाइतिहार अर्थात् भाइटीका तिहारको अन्तिम दिन मनाइन्छ । कार्तिक शुक्ल द्वितीया तिथिका दिन पर्ने यो पर्व विशेष उत्साहका साथ मनाउँदै दिदीबहिनी र दाजुभाइबीचको आत्मीयता साटासाट गरिन्छ । यस दिन दिदीले भाइलाई र बहिनीले दाजुलाई तथा भाइले दिदीलाई र दाजुले बहिनीलाई विशेष मानसम्मानका साथ विधिपूर्वक पूजाआजा गर्ने, मेवा मिष्ठान्न दिने, दिदीबहिनीलाई दानदक्षिणा एवम् वस्त्र दिने परम्परा छ । तिहारमा दिदीबहिनी (चेलीबेटी) हरुले दाजुभाइ (माइती)लाई सप्तरंगी टीका र माला लगाइदिएर दिर्घायूको कामना गर्दछन् । मीठा मीठा खानेकुराहरु खान दिन्छन् । भाइटीका गर्न आवश्यक पर्ने ओखर, तोरीको तेलबिमिरा, मसला, मखमली, दूबो तथा सयपत्रीको माला, रोटी, मीठा-मीठा परिकारको अघिबाटै चेलीबेटीहरुले व्यवस्थापन गरेका हुन्छन् । दिदीबहिनीले दाजुभाइको यश, आरोग्य, दीर्घायूको कामना गर्दै निधारमा सप्तरङ्गी टीका; पहेंलो, नीलो, सुन्तला रङ्गको, सेतो, हरियो, रातो र कालो सात रङ्गका टीकालाई निधारमा उद्ध र्वाकार रेखामा सिधा लगाइन्छ । दाजुभाइप्रतिको प्रेम रंगजस्तै गाढा तथा निरोगी भैरहने विश्वास गरिन्छ । पूजा-पाठपछि टीका थाप्दा आत्मामा धेरै आनन्दानुभूति प्राप्त हुन्छ । टीका लगाइदिएपछि दिदीबहिनीले उपहार दिन्छन् भने दाजुभाइले पनि आफ्नो गच्छेअनुसार वस्त्र तथा दक्षिणा आदि प्रदान गरि भाइटीका पर्व धुमधामसँग मनाउँछन् ।

दाजु-भाइको मंगलको कामना गर्दै ढोकामा ओखरको तथा यमराजको पूजा गरी कालको बाटो छेक्छन् । पानी तथा तेलले सात घेरा हाली दाजुभाइलाई छेक्ने चलन पनि छ । फूल, अक्षता, चन्दन तथा लाभाले पूजा गरी दाजुभाइको शिरमा तेल लगाइदिने,सगुनका रूपमा दही दिने प्रचलन पनि छ । खासगरी भाइटीकाका दिनमा दाजुभाइलाई लगाइदिने मखमली, सयपत्री तथा दूबोको मालाको छुट्टै महत्व रहेको पण्डित खनालको भनाई छ । मखमली कहिल्यै ओइलाउँदैन, सयपत्रीको रंग कहिल्यै उडेर जाँदैन भने दूबो सधै हरियै रहन्छ । अझ लक्ष्मीपूजाका दिन महिलाहरुले खेल्ने भैलो र गोवर्द्धन पूजाको दिन पुरुषहरुले खेल्ने देउसीले तिहारलाई झन रौनक थप्ने गरेको छ । देउसी भैलो परम्पराले तिहारलाई थप उल्लासमय बनाएको छ, भने ज्योतिको पर्वका रूपमा मनाइने तिहार, दीपावली, म्हपूजा, आदि पर्वको मिश्रित रूप पनि हो । धनकी देवी लक्ष्मीको पूजा गर्दा धनधान्य हुने विश्वास गरिन्छ ।

घरको रक्षक कुकुर, गाई (लक्ष्मी), गोरु र गोबरको पुजा गरिन्छ । पशुपंक्षी र जनावरको समेत पुजा गरिने भएकाले प्रकृतिसंगको सम्बन्ध पनि तिहार हो भन्दा अत्यूक्ति नहोला । विशेषगरी नाचगान गर्दै खेलिने देउसी भैली तिहारको अरू चाडभन्दा पृथक विशेषता हो । तिहारको बेलामा देउसी भैलो खेलेर रकम संकलन गर्ने उपयुक्त मौका पनि हो । संघसंस्था, क्लब, आमा समूह, राजनैतिक पार्टी र तिनका भ्रातृसंस्था सबैले तिहारमा देउसी भैलो खेलेर रकम संकलन गर्ने गरेका थुप्रै उदाहरण पनि छन् । त्यसरी संकलन भएको रकमले समाजमा केही न केही नवीनतम् काममा लगाइने गरिएको छ । यस क्रममा उठाइने पैसा सामाजिक सेवामा लगाउने क्रम बढ्दै गएकाले पनि स्वतःस्फूत रुपमा रकम दिने गरिन्छ । वास्तवमा रमाइलो र मनोरञ्जनका लागि खेलिने देउसी भैलो रकम संलकन गर्ने माध्यम बन्दै गएको छ । देउसी भैलोको मौलिक र सांस्कृतिक पक्ष भए पनि पछिल्लो समय पश्चिमा संस्कृतिका कारण संकटमा पर्दै गएको जानकारहरु बताउँछन् ।

तर, जिल्ला प्रशासन कार्यालय झापाले भने तिहारको अवसरमा खेलिने देउसी-भैलो राति ९ बजेसम्म मात्र खेल्न आग्रह गरेको छ । कार्यालयले सार्वजनिक गरेको सूचनामा शान्ति सुरक्षाको कारण देउसी-भैलो जस्ता सांस्कृतिक कार्यक्रम राति ९ बजेपछि नगर्न अनुरोध गरेको हो । चाडपर्वलाई लक्षित गर्दै प्रशासनले आठ बुँदे सूचना पनि जारी गर्दै देउसी-भैलो राति ९ बजेसम्म सीमित गर्न, जुवातास र डाइस खेल नगर्न, आतंक सिर्जना हुने गरी पटाका पड्काउन वा आतिशबाजी गर्न निषेध गरिएको छ । त्यसैगरी, प्लास्टिकका फूलमाला प्रयोग नगरी प्राकृतिक फूल र माला प्रयोग गर्न, अखाद्य तथा म्याद गुज्रिएका वस्तु बिक्री नगर्न, मूल्य वृद्धि र कृत्रिम अभाव सिर्जना नगर्न र सवारी साधनमा क्षमताभन्दा बढी यात्रु नराख्न आग्रह गरिएको छ ।

तिहारसँग नेवार समुदायको समधुर सम्बन्ध पनि छ । नेपालको आफ्नै मौलिक सम्वत् पनि तिहारकै बेलाबाट शुरु हुने हुँदा नेपाल सम्वत ११४२ पनि प्रारम्भ हुदैंछ । नेपाल सम्वतको महत्व शंखधर शाख्वाले काठमाडौंवासीको ऋण तिरिदिएको हुँदा उनलाई सम्झिने दिन पनि नेपाल सम्वत् भएको नेवाः समाज मेचीनगरका पूर्व अध्यक्ष उदयकुमार श्रेष्ठको भनाई छ । उनका अनुसार तिहारकै बेला नेवार सम्प्रदायले आत्मसुद्धि गर्ने, म्ह पुजा गर्ने र नयाँ वर्ष नेपाल सम्वत् मनाउने गर्दछन् । जुनसुकै रुपमा तिहार मनाइए पनि यसले नेपालको सांस्कृतिक विशेषतालाई नै उजागर गर्छ । उज्यालो पर्व तिहारले सबै नेपालीजनमा सद्बुद्धिका दिओस् । शुभकामना । शुभ तिहार ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :**

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

- **मेष**: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडवडी भई कामकाजमा असर
- **वृष**: भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ
- **मिथुन**: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।
- **कर्कट**: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ
- **सिंह**: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।
- **कन्या**: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति
- **तुला**: सामान हराउने वा चोरी हुने सम्भावना छ ।
- **वृश्चिक**: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।
- **धनु**: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।
- **मकर**: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि
- **कुम्भ**: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।
- **मीन**: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ